

नीति सन्देश
बैशाख, २०८१

Doi: https://www.doi.org/10.7488/era/4476

# लुम्बिनी प्रदेशको राजधानी देउखुरी/राप्ती उपत्यकालाई समतामूलक र उत्थानशील सहर बनाउनको लागि समुदायको अपेक्षा, नीति तथा सहरी योजना

**डिल्ली प्रसाद पौडेल, रोजनी मानन्धर, अनुशिया श्रेष्ठ, स्वस्ति थापा र सालु बस्नेत**

## परिचय र उद्देश्य

यो नीति सन्देश मुख्यतया चैत्र २०८० मा प्रकाशित "Socialising Tomorrow's Cities: Envisioning a city in Rapti/Deukhuri Valley, Nepal"[1] अर्थात "भोलिका सहरहरूको सामाजिकीकरण: नेपालको राप्ती/देउखुरी उपत्यकामा एउटा सहरको परिकल्पना" शीर्षक पुस्तकको सारांश हो। सरकारले विक्रम सम्वत २०७७ असोज २० गते देउखुरी/राप्ती उपत्यकालाई लुम्बिनी प्रदेशको राजधानीको रूपमा विकास गर्ने घोषणा गरेकोले यस नीति सन्देशमा सङ्ग्रहित अध्ययनका नतिजाहरूले सरकारले परिकल्पना गरेको सहरको विकासमा योगदान पुऱ्याउँछ भन्ने अपेक्षा राखिएको छ। "भोलिका सहरहरू" नामक अनुसन्धान परियोजनामार्फत लुम्बिनी सरकारको प्रदेश पूर्वाधार विकास प्राधिकरण (Provincial Infrastructure Development Authority), राजधानीको सिमाङ्कनमा परेका पालिकाहरू (दाङ जिल्लाको राप्ती गाउँपालिकाको नौ वटै वडाहरू र गढवा गाउँपालिकाको वडा नं. १, २, ३ र अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिकाको वडा नं. ८ र ९)[2] का प्रमुखहरू, र अनुसन्धान गर्ने संस्थाहरूले संयुक्त रूपमा एक सम्झौता पत्रमा हस्ताक्षर गरी बैशाख २०८० (मे २०२३) मा देउखुरी उपत्यकामा औपचारिक रूपमा अनुसन्धान कार्यको थालनी गरेको थियो। समुदायहरू, स्थानीय सरकार र प्रदेश पूर्वाधार विकास प्राधिकरणको

### केहि प्रमुख नीति सन्देशहरू

१. जोखिम नियन्त्रण र सहज जीविकोपार्जनको लागि दोलई र सिङ्गे (राप्ती गापा), सुपैला, महादेवा र बौराहा (गढवा गापा) र रडसिङ (शितगंगा नपा) खोलाहरुमा बलियो र उत्थानशील तटबन्ध निर्माण गरी यिनको पानीको बहाबलाई मोडी/डाइभर्ट गरी अन्य प्रयोजनका लागि प्रयोग (जस्तै सिँचाई) गर्नुपर्छ।

२. स्थानीय वातावरणलाई ख्याल गरी राप्ती नदीमा उचित नियमनले बालुवा उत्खनन गरी नदीको गहिराईमा केही वृद्धि गर्दा वरिपरिका कृषि भूमि र बस्तीहरूमा हुने डुबानका समस्यालाई कम गर्न सकिन्छ भने उत्तरी चुरे पहाडको बालुवा, गिट्टी र ढुङ्गाको जथाभावी उत्खननलाई नियन्त्रण गर्दा पहिरो र बाढीलाई नियन्त्रण गर्न सहयोग गर्दछ।

३. राप्ती गापा र गढवा गापामा पूर्व सूचना प्रणाली (Early Warning System) र उद्दार केन्द्रहरूको विकास गरी बाढी र डुबानको बढ्दो क्षतीलाई कम गर्न सकिन्छ।

४. पहिरो, डुबान र बाढीको जोखिम भएका क्षेत्रहरूमा अव्यवस्थित निर्माणका गतिविधिहरूलाई नियन्त्रण गर्नुका साथै घर/भवन निर्माण अनुमति लिने प्रक्रियालाई सहज र किफायती बनाउनुपर्छ जसले गर्दा घरपरिवारहरूलाई विपद्-प्रतिरोधी घर निर्माण गर्न उत्प्रेरणा मिल्ने छ।

५. भौतिक संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा समुदायको ज्ञान, दृष्टिकोण र प्राथमिकताहरूलाई ख्याल गर्नुपर्दछ।

६. भोलिको राप्ती/देउखुरी सहरमा रोजगारी सिर्जना गर्न र दिगो आर्थिक विकासको लागि पर्यटन प्रवर्धन र नयाँ कलकारखानाको संचालनसँगै स्थानीय उत्पादन, सिप र ज्ञानको पहिचान, प्रवर्धन, संरक्षण र व्यापारीकरण गर्नुपर्छ।


७. भोलिको उत्थानशील र समतामूलक सहर निर्माणको लागि बदलिँदो जनसाङख्यिक, साँस्कृतिक र सामाजिक गतिशीलता प्रति स्थानीय निकाय, नेता तथा समाजसेवीहरु सचेत हुनुपर्छ।

---

[1] पुस्तक पढ्नका लागि यो लिङ्कमा थिचेर नि:शुल्क डाउनलोड गर्न सकिन्छ: http://dx.doi.org/10.7488/era/4307

[2] यस नीति संन्देशमा छोटकारीमा राप्ती गाउँपालिकालाई राप्ती गापा, गढवा गाउँपालिकालाई गढवा गापा र शितगंगा नगरपालिकालाई शितगंगा नपा भनिएको छ।

(यस पश्चात् प्राधिकरण भनिएको) प्रत्यक्ष संलग्नतामा समतामूलक (equity) (श्रोत तथा सेवाहरूमा सबैको समान पहुँच तथा अवसर) र उत्थानशील (resilient) (प्रकोप तथा जोखिमको सामना गरी समृद्ध हुनसक्ने क्षमता) राजधानी सहरको परिकल्पना र सरकार/प्राधिकरणको सहरी योजनामा सहयोग गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । प्रतिनिधिमूलक समुदायहरूको छनौट र तिनको गठन चुनौतीपूर्ण तथा महत्त्वपूर्ण कार्य भएकोले हामीले अध्ययनको सुरुवात २०७९ मंसिरमा नै गरेका थियौं ।



*नक्सा १: राजधानीको प्रशासनिक नक्सा, राप्ती/देउखुरी उपत्यका*

प्राधिकरण र पालिकाहरूको सहयोग र हाम्रो अध्ययन पश्चात् देउखुरी उपत्यकाका समुदाय र सरकारका प्रतिनिधीलाई मिलाएर ६ समूहमा विभाजन गरी राजधानी सहरको परिकल्पना गर्न समतामूलक विधि अवलम्वन गरिएको थियो । उपत्यकाका समूदायलाई उनीहरूको बसाइँसराइका इतिहाँस, जनसङ्ख्या, जात, भाषा, संस्कृति र औसत आर्थिक-सामाजिक अवस्थाको आधारमा थारु समुदाय, पहाडे समुदाय (मुख्यतया मध्यपश्चिम-पहाडी जिल्लाहरूबाट विभिन्न समयमा बसाइँ सरी आएका समुदाय), जनजाति समुदाय, मधेसी, मुस्लिम तथा दलित समुदाय, र सुकुम्बासी समुदाय गरी पाँच भागमा बिभाजन गरिएको थियो भने स्थानीय सरकार र प्राधिकरणका सहरी योजनाकार, प्राविधिक तथा जनप्रतिनिधिहरूलाई मिलाएर छैठौं समूहको रूपमा योजनाकारहरूको समूह बनाइएको थियो । यी समूहहरू समतामूलक र प्रतिनिधिमूलक छन् भन्ने कुराको निर्क्योल स्थानीय सरकार र अनुसन्धानकर्ताहरूको अध्ययनको आधारमा गरिएको थियो ।

समूहहरुको छनौट र गठन पश्चात् प्रत्येक समूहसँग छुट्टाछुट्टै भेटी अनुसन्धान परियोजनाको बारेको पूर्णरूपमा


*तस्बिर १: राप्ती ५ करङ्गेकोटमा जोखिमका बारेमा समुदायसँग छलफल*

जानकारी गराई उहाँहरूसँग स्थानीय जोखिम र प्रकोपहरूको अवस्था, तिनको वृद्धि र तिनले पारेको प्रभावको बारेमा समूह लक्षित छलफल गर्नुका साथै जोखिममा रहेका केही बस्ती, समुदाय र व्यक्तिहरुसँग भेटघाट, छलफल र त्यस्ता ठाउँहरुको भ्रमण गरिएको थियो । तत्पश्चात् सबै समूहहरुलाई एकै ठाउँमा ल्याई २०८० जेष्ठ ३१ र ३२ गते राप्ती गाउँपालिकाको सभाहलमा दुईदिने दूरदृष्टि निर्माण कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उपर्युक्त पुस्तक र त्यसका आधारमा तयार पारिएको यस नीति सन्देशमा सङ्ग्रहित नतिजाहरू यही कार्यशाला गोष्ठीको प्रतिनिधिमूलक ६ समूहहरूले दुईदिनको गहन र सघन छलफल पश्चात् परिकल्पना गरेको भोलिको देउखुरी उपत्यकाको राजधानी सहरको योजनाहरूमा आधारित छ । यो अध्ययन देउखुरी उपत्यकाको लागि लक्षित गरिएको भएता पनि यसका नतिजाहरू र अध्ययन गर्न प्रयोग गरिएको विधि देशका अन्य उदाउँदै गरेका सहरहरू र नवघोषित नगरपालिकाहरूलाई समतामूलक र उत्थानशील भोलिको सहरहरूको रूपमा विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने विश्वास लिइएको छ ।

यस नीति सन्देशलाई पाँच भागमा बाँढिएको छ । पहिलो भागमा समुदायहरूले भोलिको राजधानी सहरमा कस्तो प्रकृतिको सामाजको परिकल्पना गरेका छन् भन्ने कुरा सारांशमा प्रस्तुत गरिएको छ । दोस्रोमा स्थानीय प्रकोप तथा जोखिमहरूको विश्लेषण छोटकरीमा गरिएको छ । तेस्रोमा समूहहरूले परिकल्पना गरेको भौतिक सहरहरू र तिनका अपेक्षित संरचना तथा पूर्वाधारहरूको विश्लेषणको सारंश प्रस्तुत गरिएको छ । चौथोमा अपेक्षित सामाजिक र भौतिक



*तस्विर २: दूरदृष्टि निर्माण कार्यशाला गोष्ठीको झलक*

राजधानी सहरको प्राप्तिको लागि आवश्यकीय भविष्यका नीतिहरूलाई बुँदागत रूपमा राखिएको छ । र अन्त्यमा यस अध्ययनको निचोडको रूपमा भोलि/भविष्यको लुम्बिनी प्रदेशको राजधानी सहरलाई वर्तमान समाज र समुदायद्वारा अपेक्षा गरे अनुसारको रूपमा विकास गर्नको लागि नीति निर्माता, स्थानीय सरकार र प्रदेश प्राधिकरणलाई लक्षित गरी तीन प्रमुख सुझावहरू प्रस्तुत गरिएको छ ।

## सामाजिक सहर

मानिसले आफू बस्ने वस्तुगत स्थानको व्यक्तिपरक छवि बनाउने हुनाले स्थानहरुसँग उसको सम्बन्ध र वातावरण (सामाजिक, आर्थिक, राजनैतिक, प्राकृतिक, जोखिमको अवस्था र यिनीहरूसँगको व्यवहारिक तथा दिनानुदिन अन्तर्क्रिया) घटनात्मक रूपमा उनीहरूले परिकल्पना गरेका भविष्यका सहरहरूमा प्रतिबिम्बित हुन्छन् । यस अध्ययनमा छनौट गरिएका ६ वटा समुदायका समूहहरूले परिकल्पना गरेका सहरहरूले ती समुदायका विभिन्न आकांक्षा र वास्तविकताहरू दर्साउँछ । उदाहरणको लागि, थारु समुदायले पूर्वाधार विकासको अलावा विशेष गरी आफ्नो सांस्कृतिक र मौलिक पहिचान संरक्षित भविष्यको सहर चाहन्छन् भने मधेसी, मुस्लिम र दलित समुदायले विविधतालाई अँगाल्दै स्रोत र अवसरहरूमा समान पहुँच सुनिश्चित गर्ने सहरको परिकल्पना गरेका छन् । पहाडे समुदायले कृषि उत्पादनको हिसाबले आत्मनिर्भर, रोजगारीको अवसर र प्राकृतिक वातावरण संरक्षण भएको उत्थानशील सहरमा बसोबास गर्ने आकांक्षा राखेका छन् । यसैगरी, जनजाती समूहहरूले मिश्रित (बहुजातीय) बस्तीहरूमा सम्मानजनक/एकीकृत भविष्यको परिकल्पना गरेका छन्, र सुकुम्वासी (कमैयासहित) समूहले गुणस्तरीय र सुपथ मूल्यमा आवासको व्यवस्था हुनुपर्ने र सुलभ सेवाहरू (जस्तै शिक्षा, व्यावसायिक तालिम, रोजगारी) सहितको समृद्धितर्फ अग्रसर भेदभावमुक्त सहर चाहन्छन् । योजनाकार समूहले भोलिको सहर निर्माणको लागि समुदायमा आधारित योजनाका साथै देउखुरीको विस्तृत भू-उपयोग वर्गीकरण र योजना, समानुपातिक र उत्थानशील विकासको आवश्यकता रहेको जनाए । यी विविध परिकल्पित सहरहरू समुदायहरूको बसाइँसराइको इतिहास, तिनको अनुभवहरू (जस्तै, धनी, गरिब, कमैया/कमलरी तथा अव्यवस्थित बसोबासीको रूपमा) र ज्ञानको पृष्ठभूमिमा आधारित भएता पनि भविष्यको राजधानी सहरको निर्माणमा सबैका अपेक्षाहरू समेटी सहरी योजनामा एकीकृत रूपमा लान सकिने प्रकृतिका छन् ।

देउखुरी/राप्ती उपत्यका थारु समुदायको उद्गम थलो भएता पनि एक शताब्दी भन्दा अघिको मधेसी र मुस्लिम समूहको बसाइँसराइदेखि लिएर वि.स. २०१० को दशक पछि अर्थात् तराईमा औलो उन्मूलन पछि पहाडी समुदायहरूको बसाइँसराइले यस क्षेत्रमा मिश्रित समाजको निर्माण हुन थाल्यो । थारु समुदाय र पहाडी क्षेत्रबाट बसाइँसराइ गरी आएका विभिन्न जातजातिहरू जस्तै ब्राह्मण, क्षेत्री, जनजाति र दलितहरूले उपत्यकाको वर्तमान सामाजिक-आर्थिक र राजनीतिक संरचनालाई मिश्रित आकार दिएका छन् । तथापि परापूर्वकालदेखि नै वरपरका पहाडहरूमा मुख्यतया मगर र अन्य जनजाति समुदायहरूको बसोबास रहेको र उपत्यकाका समुदायहरू र यी जनजातिहरू बिचको कोट-बैंसीको सम्बन्ध र अभ्यास लामो समयसम्म रहेको पाइन्छ । कोट भन्नाले पहाड र बैंसी भन्नाले उपत्यकालाई बुझाउँछ । कोट-बैंसी परम्परागत आर्थिक (economic) र पारिस्थितिक (ecological) अभ्यास थियो । वरपरका पहाडी समुदायहरूले उपत्यकाका समुदायहरूसँग आफ्ना उत्पादनहरू (जस्तै अन्नबाली) र सेवाहरू (जस्तै श्रम) आदानप्रदान गर्ने हुनाले यो कोट र बैंसीका समुदायहरूबिचको आर्थिक सम्बन्ध थियो भने पहाडी समुदायले जाडो मौसममा उपत्यकामा बसोबास तथा खेती गर्ने भएकोले यो एक पारिस्थितिक अभ्यास पनि थियो । साथै, उपत्यकामा बसाइँसराई सुरु हुनुभन्दा पहिलेदेखि नै स्थानीय थारु समुदायको बढघर प्रथा/प्रणाली खासगरी सिँचाई र कुलो व्यवस्थापनको लागि परापूर्वकालदेखि नै स्थापित थियो । यस प्रथा/प्रणाली अन्तर्गत ककन्दर/प्रधान (प्रमुख), अघरिया (सन्देशवाहक र सामाजिक कार्यका लागि सामूहिक श्रम परिचालन गर्ने प्रमुख) र सघरिया (अघरियाको मातहतका कार्यहरू कार्यान्वयन गर्ने सहयोगी) गरी तीन प्रमुख सदस्यहरू रहन्थे । यो बढघर प्रणाली वर्तमानमा पनि लागु छ । कोट-बैंसी र बढघर प्रणालीहरू जस्तो सामाजिक र सम्मानित परम्परागत सहकार्यको अभ्यास गरिआएको देउखुरी उपत्यकामा धनी र सम्पन्न

परिवारहरूले बधुवा श्रमिकको रूपमा कमैया र कमलरी राख्ने कुप्रथाले गर्दा धेरै गरिब किसानहरू भूमिहीन र अनौपचारिक बसोबासीको रुपमा परिणत भए । पछिल्लो समयमा अन्यत्रबाट पनि बसाइँ सरी सार्वजनिक क्षेत्र, नदी किनार तथा जङ्गलको वरपर मानिसहरूको बस्तीहरू बढ्नाले पनि् देउखुरी उपत्यकामा सुकुम्बासीको संख्या दिनानुदिन वृद्धि भईरहेको छ । हुनत कमैया प्रथा वि.स २०५७ श्रावणमा औपचारिक रूपमा उन्मुलन भएता पनि, वर्तमानमा पनि उपत्यकाको कुल घरपरिवारको लगभग ६० प्रतिशतभन्दा बढी न्यून भू-स्वामित्व भएका वा भूमिहीन र गरिब रहेका छन् (अधिकांशसँग पाँच धुर वा ०.००८४ हेक्टरभन्दा कम जमिन छ र केही भूमिहीन छन्) । फलस्वरूप देउखुरी/राप्ती उपत्यकामा सामाजिक असमानता कायमै रहेको छ । विभेद र असमानताका विषयहरू तल विष्लेशण गरिएको भविष्यको राजधानी सहर र त्यसका लागि अपेक्षित नीतिहरू बनाउँदा कमजोर सामाजिक क्षमता/स्थिती भएका समुदायहरूले आफ्नो परिकल्पनामा विशेष गरी सामाजिक मुद्दाहरू (जस्तै, भेदभाव, पहिचान, प्रतिनिधित्व) उठाए । यद्यपि, सबै समूहहरूले भविष्यवादी धारणा (जस्तै समानता, उत्थानशील समाज) अवलम्बन गर्दै भोलिको राजधानी सहरको नक्साङ्कन गर्ने प्रयास गरे ।

विभिन्न समूहका सदस्यहरूका **विगत** (अर्थात् ३० वर्ष अघि) को अनुभवहरू बसाइँसराइको आधारमा विविध भएता पनि, अधिकांशले सेवा र सुविधाहरूको अभाव (जस्तै शिक्षा, स्वास्थ्य, बिजुली, यातायात, बजार), पूर्वाधार (जस्तै प्रविधि, सडक, पुल र कल्भर्ट, खानेपानी कम वा नभएको),




*चित्र १: भोलिका सामाजिक सहरहरूमा मनन गर्नुपर्ने वा हटाउनु पर्ने अवयवहरू*

जीविकोपार्जनका अवसरहरू (जस्तै कम कृषि उत्पादन, खाद्यान्न असुरक्षा, बेरोजगारी) र जोखिम (जस्तै अनियन्त्रित राप्ती नदी, आगलागीको जोखिम, नदी तर्दाको जोखिम, बाढीको जोखिम) व्यवस्थापन योजना नभएको बताए । परम्परागत रूपमा खरका छाना भएका बस्तीहरू छरिएर रहेता पनि सांस्कृतिक सम्बन्ध र सामूहिक गतिविधिहरू (जस्तै परम्परागत अभ्यास र निर्माण कार्य, सहयोगी भावना, सामूहिक निर्णय, इमानदारी, विश्वसनीयता) बलियो थियो र उपत्यका वातावरणीय रूपमा स्वस्थ थियो (जस्तै खुला ठाउँ, समयमै वर्षा, घना जङ्गल, स्वच्छ वातावरण) । तथापि विगतमा महिला र पुरुषबिचको भूमिका र जिम्मेवारीहरूको बाँडफाँड (दैनिक काममा महिला र बालिकाहरूलाई अत्याधिक बोझ) का कारण हुने लैङ्गिक विभेद, महिला र बालिकाहरूलाई शिक्षा र अन्य अवसरहरूमा सीमित पहुँच, र सामाजिक भेदभाव (जस्तै कमैया र कमलरी प्रथा) व्याप्त थियो ।

**वर्तमान** समयमा विभिन्न सेवाहरू (जस्तै शिक्षा, स्वास्थ्य र बजार सुविधामा पहुँच बढेको) र पूर्वाधार विकास (जस्तै कालोपत्रे सडक, सिँचाइ नहर, तटबन्ध, बाँधको निर्माण) को साथै कृषि उत्पादनमा वृद्धि (रसायनिक मलको प्रयोग गरेर) र लैङ्गिक र अन्य पहिचानमा आधारित भेदभावमा कमी आएको कुरा सबै समूहहरूले स्वीकार गरे । यसरी बसाइँसरी आउने जनसङ्ख्यामा वृद्धि, अव्यवस्थित निर्माण कार्य र बजार केन्द्रको स्थापना, घना बस्ती, खुला स्थानहरूको कमी, सामूहिक सांस्कृतिक जीवनशैलीमा परिवर्तन (जस्तै परम्परागत अभ्यासहरू, सामूहिक कार्यहरू र आपसी विश्वासमा ह्रास, विदेशी संस्कृति र अभ्यासको बढ्दो प्रभाव), प्रदूषणमा वृद्धि, वन विनाश (जस्तै काठको तस्करी) र खहरे खोलामा आउने बाढीहरू गम्भीर चिन्ताको विषय बनेको छ । विशेष गरी अव्यवस्थित निर्माण (मुख्यतया सडक, पुल र कल्भर्ट) कार्यले वर्षाको समयमा डुबानको समस्या (बस्ती र खेतमा) बढाएको छ (जस्तै सडक डुवानले बच्चाहरूलाई यात्रा गर्न कठिन भएको) । बढ्दो प्रकोपको जोखिम र चुनौतीहरूका बाबजुद पनि सेवा, सुविधा, कृषि उत्पादन, बजारमा पहुँच, खाद्यान्न उत्पादन, पोषण र स्वच्छताको हिसाबले वर्तमान सहरी जीवन विगतको भन्दा "सहज" र "सुरक्षित" बनाएको कुरा सहभागीहरूले भने । आधुनिक यन्त्र/ग्याजेटहरूको उपलब्धता (जस्तै बढ्दो मोबाईल र सामाजिक सञ्जालको प्रयोग, पत्रपत्रिका, एफएम रेडियो) ले सूचनाको पहुँचमा पनि सुधार गरेको छ ।

स्थानीय बासिन्दाहरू जोखिम व्यवस्थापनका बारेमा केही सचेत भएता पनि नयाँ/**भविष्यको** उत्थानशील राजधानीको विकासको निम्ति उनीहरूको आकांक्षाहरू मुख्य रूपमा उनीहरूको दैनिक क्रियाकलापहरूमा बाधा पुऱ्याउने पक्षहरूसँग सम्बन्धित छन् । जस्तै अव्यवस्थित निर्माण, बढ्दो बाढी, पहिरो, डुबान र आगलागीका जोखिमहरू, रोजगारी/आर्थिक अवसरहरूको कमी/अनुपलब्धता, सांस्कृतिक क्षय, भेदभाव र भविष्यमा यी विविध जोखिमहरूको उचित व्यवस्थापनका लागि व्यावहारिक नीतिहरूको कमी जस्ता पक्षहरूमा केन्द्रित छन् । तल विभिन्न समूहहरूले अनुभव (भोगेको, देखेको र सुनेको) र आँकलन गरेका स्थानीय जोखिम र प्रकोपको निष्कर्ष प्रस्तुत गरिएको छ :




*चित्र नं. २: भौतिक तथा सामाजिक जोखिमहरू*


## दैनिक/वर्तमान र भविष्यको विपद्का जोखिमहरू

उपत्यकाको बेँसी वा समथर भूभाग[3] (समुद्र सतहबाट करिब २०० मिटरको उचाइ) देखि पहाडको चुचुरा (समुद्र सतहबाट करिब १००० मिटरको उचाइ) सम्मको पारिस्थितिक विविधताले विविध किसिमका कृषि उत्पादन, वनस्पति र सांस्कृतिक अभ्यासहरूको लागि अनुकूल वातावरण सिर्जना गरेको छ । उत्तरको चुरे र दक्षिणको डुन्डुवा (चुरेबाट छुट्टिएको पहाड) पर्वत शृङ्खलाहरूबाट बग्ने खहरे खोला लगायत राप्ती नदीका विभिन्न सहायक नदीहरूले बाढी, डुबान र पहिरो जस्ता विपद्हरू निम्त्याउँने गरेका छन् जसले गरिब, अनौपचारिक, सीमान्तकृत र किसान समुदाय लगाएत धेरै घरधुरीलाई विशेष गरी वर्षायाममा जोखिममा पार्ने गर्छ । यसका साथै, उनीहरू राजधानी सहर र सहरीकरणको सम्भावित विस्तार उपत्यकाको उत्पादनशील कृषि भूमिमा हुने होकि भन्ने भयले चिन्तित छन् । कार्यशाला गोष्ठीमा केही समूहहरूले भविष्यको खाद्य सुरक्षालाई ध्यानमा राख्दै उपत्यकाको पहाडी क्षेत्रमा पनि नयाँ सहर विकास गर्न सुझाव दिए । गोष्ठीका सहभागीहरूले विविध भौगोलिक, सामाजिक-आर्थिक र सांस्कृतिक पक्षहरूसँग सम्बन्धित जोखिमहरू चित्रण गर्नुका साथै भोलिको राजधानी सहरका बासिन्दाहरूलाई असर गर्न सक्ने विभिन्न प्रकारको अन्य जोखिमहरूको पहिचान पनि गरेका थिए जुन चित्र २ मा प्रस्तुत गरिएको छ ।

विशेष गरी उपत्यकाका समथर भूभागसहित अन्य बस्तीहरू जस्तै राप्ती गापा ५ (जस्तै कालापानी, लठ्ठहवा, पहरुवा, सिङ्गे बस्तीहरू), राप्ती गापा ७ (सिसहनिया, भानपुर, अर्नानिपुर), राप्ती गापा ६ (भगवानपुर, बगरापुर) र राप्ती गापा ८ (कोहलवा, पिपरी), गढवा गापा २ (महादेवा, पचाहा, जेठानगाउँ, बडहरा, पत्रिङ्गा, चिम्चिमे, बाघमरुवा) र गढवा गापा ३ (गोबरडिहा, धैरेनी, सुपैला, भैँसीखुट्टी, खैरा), र शितगङ्गा नपाको (धोद्रे, तिनखण्डे, रडसिङ, लाहापे, सतमारा, चिसापानी) बाढी र डुबानको चपेटामा पर्छन् र गरिब र सीमान्तकृत परिवारहरू यसबाट गम्भीर रूपमा प्रभावित हुने गरेका छन् । यसबाहेक, यी नदीहरूमा आएको बाढीले आर्थिक क्षति (जमिन, बाली, घर, गाईवस्तु आदिको नोक्सान) गर्नुका साथै वर्षायाममा हरेक वर्ष २-४ जनाको ज्यानसमेत लिने गरेको स्थानीयको भनाइ छ । त्यसैगरी पहाडी बस्तीहरू जस्तै राप्ती गापा ५ (भुल्के, करङ्गेकोट), राप्ती गापा ९ (देवीकोट, रुपाकोट, ओखले, बरडाँडा, धैरेनी, चिसापानी), गढवा गापा २ (चिम्चिमे, गङ्ग्रे), गढवा गापा ३ (सुपैला), शितगंगा नपा ८ (धोद्रे, तिनखण्डे, रडसिङ, चिसापानी, तल्लो लापे, चरंगे) का बासिन्दाहरूले पहिरोका घटनाहरू देखेका र अनुभव गरेका छन् । यी पहाडी भागहरू पत्रे चट्टान मिलेर बनेका हुनाले पहिरो यहाँको एक प्रमुख विपत्ति भएको छ । यसका साथै, चुरे र डुन्डुवाका पहाडी भेगका सहभागीहरूले बारम्बार खासगरी मानवीय गतिविधिले निम्त्याउने आगलागीका[4] खतरा र कहिलेकाहीं चट्याङको पनि अनुभव गर्ने गरेका छन् ।

[3] राप्ती/देउखुरी उपत्यकाको बेँसी उत्तरबाट दक्षिण (भारतको सीमाना) तर्फ करिब ६० किलोमिटर लामो छ भने पूर्वदेखि पश्चिमको चौडाइ लगभग २० किलोमिटर फैलिएको छ ।

[4] मानिसहरू घाँसपात काट्न, दाउरा लिन र गाईवस्तु चराउन जङ्गल जान्छन् । कतिपयले गाईवस्तुलाई असर गर्ने कीरा मार्न तथा हिँड्नका लागि पातहरूले छोपिएका चिप्ला बाटा सफा गर्न जङ्गलमा आगो लगाउँछन् । कतिपयले अर्को मौसममा धेरै र उच्च गुणस्तरको हरियो घाँस उत्पादन गर्ने आशामा जमिन खाली गर्न आगो लगाउँछन् । यस्ता गतिविधिहरूले राप्ती उपत्यकाका धेरै पहाडी क्षेत्रका जङ्गलमा वर्षेनी आगलागीका घटनाहरू हुने गरेका छन् ।



*नक्सा २: राप्ती/देउखुरी उपत्यकको सहभागितामूलक जोखिम नक्साङ्कनको आधारमा पहिचान गरिएको जोखिमयुक्त स्थान र बस्तीहरू*

विशेष गरी राप्ती गापाको पहाडी भाग, भालुवाङ (वार्ड नं. १) देखी भुल्के (वार्ड नं ५) सम्म, सुपैला र भैंसीखुट्टी (गढवा गापा ३), चिम्चिमे र घोप्टे (गढवा गापा २), र शितगंगा नपा ८ र ९ मा रहेका अधिकांश वन क्षेत्र आगलागीको जोखिममा रहेको र स्थानीयले अनुभवसमेत गर्ने गरेका छन्। तलको तालिका १ मा विभाजित समूहका सदस्यहरूले देखेको र अनुभव गरेअनुसारका जोखिमका घटनाहरूको आवृत्तिलाई औसत गरिएको छ। एउटै प्रकोपको घटना छ वटा समूहका सहभागीहरूले छुट्टाछुट्टै नक्साङ्कन गर्न सक्ने भएकाले (यद्यपि सबै सहभागीहरूले जोखिम प्रभावहरू अनुभव गरेको नहुन पनि सक्छन्) हामीले औसत प्राप्त गर्नका लागि सबै जोखिमका घटना (अर्थात् फ्रिक्वेन्सीहरू) लाई ६ ले भागा गरी निम्न तालिका बनाएका हौं।

*तालिका १: समुदायहरूले अनुभव गरेका र देखेका जोखिमहरू*

| जोखिमका प्रकारहरू | जोखिमको औसत आवृत्ति | | |
|---|---|---|---|
| | राप्ती गाउँपालिका | गढवा गाउँपालिका | शितगंगा नगरपालिका |
| बाढी | ७.३ | ४.५ | १.५ |
| पहिरो र भूक्षय | ४.३ | ३.८ | २.५ |
| डुबान | ८.३ | ३.५ | ०.८ |
| आगलागी र चट्याङ | १.५ | ०.८ | ०.३ |

माथिको तालिका अनुसार गढवा गापा र शितगंगा नपाको तुलनामा राप्ती गापा बाढी र डुबान दुवैको लागि बढी जोखिममा रहेको कुरा स्पष्ट देखिन्छ। हालका वर्षहरूमा बारम्बार भएका आगलागीका घटनाले शितगंगा नपा आगलागीको जोखिममा रहेको भएता पनि गोष्ठीमा दुईवटा गापाको तुलनामा शितगंगा नपाको प्रतिनिधित्व गर्ने सहभागीहरू तुलनात्मक रूपमा कम भएकाले यस घटनाको आवृत्ति तालिकामा कम देखिएको छ। यद्पि सहभागीहरू कुन साल वा समयमा प्रकोप भएको र प्रभाव परेको भन्ने कुरामा पुर्णरुपमा निश्चित नभएता पनि उनीहरुले सहभागितामूलक जोखिम नक्साङ्कन (Participatory Hazard Mapping) मा मुख्यतया विगत १० वर्षमा घटेका विपद् का घटनाहरूलाई अङ्कित गरेका थिए। तर विशेषगरी उपत्यकामा बसाइँसराइ र जथाभावी तथा अनियन्त्रित निर्माण गतिविधिहरुको तीव्रताले गर्दा सहभागीहरूले माथि उल्लेखित जोखिमहरू भविष्यमा प्रकोपका रूपमा परिणत हुन सक्ने चिन्ता व्यक्त गरेका थिए।

माथिको देउखुरी/राप्ती उपत्यकाको प्रकोप जोखिमको विश्लेषण अनुसार **स्थानीय सहरी योजनाकार र विपद् व्यवस्थापन अधिकारीहरूले भविष्यको सहरी योजना र विकासका लागि निम्न चारवटा कुराहरूलाई विचार गर्न आवश्यक रहेको छ। पहिलो,** सहभागी समूहहरूले सबै नदीहरूको दुबै किनाराहरूमा, विशेष गरी दोलई र सिङ्गे (राप्ती गापा), सुपैला, महादेवा र बौराहा (गढवा गापा) र रङसिङ (शितगंगा नपा) (नक्सा १ हेर्नुहोस्) मा बलियो र उत्थानशील तटबन्ध निर्माण गरी खहरे खोला व्यवस्थापन गर्न र ती खोलाहरूको पानीको बहावलाई मोडी/डाईभर्ट गरी अन्य प्रयोजनका लागि प्रयोग (जस्तै सिँचाई) गर्न स्पष्ट सुझाव दिएका छन्। यी खहरे खोलाहरूको प्रभाव सामान्यतया मनसुन (जेठ/असार-भाद्र) मा हुन्छ तर कहिलेकाहीँ बेमौसमी वर्षाले असोज /कार्तिक तिर पनि


*तस्बिर ३: पुलमाथि खहरे खोलाको बाढी (वि.सं २०८०), आवतजावतमा कठिनाइ*

बाढी निम्त्याउने गरेको छ (जस्तै असोज २०७९ को बाढी) र मानिस, खेत र पशुधनलाई असर गर्ने गरेको छ। मनसुनमा ती नदीहरूमा बढीमा ३-४ घण्टा बाढी आउने भएता पनि दैनिक जीविकोपार्जन, यातायात र कृषिलाई असर गर्छ र कहिलेकाहीँ मानवीय क्षती गराएका घटना पनि छन्। यसैगरी पाखापानी (राप्ती गापा १) देखि सिङ्गे र कालापानी (राप्ती गापा ५) सम्मको क्षेत्रहरूमा मनसुनमा भारी वर्षाको कारणले दोलई र सिङ्गे नदीमा वर्षेनी बाढी आउने र असर गर्ने कुरा समुदायहरूले जोखिम नक्साङ्कनमा पहिचान गरेका थिए।

**दोस्रो,** सडक, पुल र घरहरूको बढ्दो र अव्यवस्थित निर्माणले जोखिम झन् बढाएको छ, जसलाई हामीले निर्माण सिर्जित प्रकोपहरू भनेका छौं। त्यस्ता निर्माणहरूले डुबान (inundation) बढाएकाले केही ठाउँहरूमा समुदायहरूले त्यस किसिमले निर्माण गरेको संरचनाहरूको विरोध तथा भत्काउने काम पनि गरेका छन्। उदाहरणका लागि, खेत र बस्तीमा हुने डुबानबाट बचाउनको लागि समुदायहरूले वि.स. २०६९ मा सिङ्गे खोलामा निर्माण गरिएको बाँध भत्काएका थिए। त्यस्तै समुदायको भनाइअनुसार सिसहनियाको अस्पताल निर्माण गरिएको ठाउँ डुबानको जोखिममा रहेको स्थानीयले जानकारी गराउँदा गराँउदै निर्माण गरिएकाले उक्त अस्पताल बर्सेनि डुबानको जोखिममा पर्ने गरेको छ। वर्षायाममा चुरे पहाडबाट निस्कने पानीलाई राप्ती नदीमा बगाउने नालाहरू पर्याप्त नहुँदा वा साघुँरा हुँदा बर्सेनि पूर्व-पश्चिम राजमार्गको उत्तर र दक्षिणका भागहरुको करिब ५०० मिटर क्षेत्र डुबानमा पर्ने गरेका छन्। बढ्दो बसाईंसराइले गर्दा पुराना बस्तीहरूको बिस्तार सँगसँगै नयाँ बजार केन्द्रहरू, द्रुतगतिमा निर्माण भइरहेका घरहरू र अन्य निर्माण कार्यहरू डुबान हुन सक्ने क्षेत्रहरूमा विस्तार हुँदै गएकाले ती क्षेत्रहरूमा जोखिम झन् तीव्र रूपमा बढ्दै गएको छ। साथै, हाल भइरहेको तीव्र निर्माण कार्यहरू जसले जोखिमलाई बेवास्ता गर्नुको साथै कृषि क्षेत्रलाई अव्यवस्थित किसिमले सहरी क्षेत्रमा परिणत गर्ने क्रम बढिरहेकोले र यस्ता कार्यहरू अहिलेकै गतिमा निरन्तर भईरहने हो भने भोलिको राप्ती सहरमा विपद् जोखिम झन् बढ्ने पूर्वानुमान समुदायले गरेका छन्।

स्थानीय अधिकारीहरूले वर्तमान र भविष्यमा गम्भीर रूपमा विचार गर्नुपर्ने **तेस्रो** जोखिम व्यवस्थापनको रणनीति भनेको माथिल्लो भागमा, विशेष गरी उत्तरको चुरे पहाडको बालुवा, गिट्टी र ढुङ्गाको जथाभावी उत्खननलाई नियन्त्रण गर्नु हो। पहाडी भागमा बालुवा, गिट्टी र ढुङ्गाले पानीको गति नियन्त्रण गर्न प्राकृतिक रूपमा चेक ड्यामको काम गर्दछ। यी स्रोतहरूको जथाभावी उत्खनन गर्दा उपत्यकामा बाढी र डुबान बढ्छ। पहाडी क्षेत्रमा वर्तमानमा भइरहेका यस्तै खाले उत्खननहरूले पनि देउखुरी उपत्यकामा जोखिम बढ्दो छ। तर राप्ती नदीको हकमा उचित नियमनले नदीको बालुवा उत्खनन र नदीको गहिराइमा वृद्धि गर्दा वरिपरिका कृषि भूमि र बस्तीमा हुने डुबान नियन्त्रण गर्न महत्त्वपूर्ण हुने सहभागीहरूले सुझाव दिएका छन्। **चौथो**, पहाडी क्षेत्रका बासिन्दाहरू विशेषगरी राप्ती गापाको भुल्के, करङ्गेकोट र देवीकोट, गढवा गापाको माथिल्लो सुपैला र शितगंगा नपाका धेरै बस्तीहरू मानवीय गतिविधिले निम्त्याउने आगलागीका घटनाहरूको जोखिममा छन्।

निस्सन्देह, यी जोखिमहरू कम गर्न र व्यवस्थापन गर्न उपयुक्त नीति र रणनीतिहरू लागू नगरी भोलिको राजधानी सहर जोखिममुक्त र उत्थानशील हुन सक्दैन।

## भौतिक सहर[५]

गोष्ठीका विभिन्न ६ समुदाय/समूहहरूले भविष्यको राजधानी सहरमा आवश्यक पर्ने भौतिक संरचना र विकासहरूको परिकल्पना सह-नक्साङ्कन विधि (co–mapping method)[६] मार्फत गहन छलफल पश्चात् गरेका थिए जसलाई सारांशमा चार विधामा बाड्न सकिन्छ: (क) भूमिको प्रयोग/वर्गीकरण (जस्तै कृषि क्षेत्रहरू, आवासीय क्षेत्रहरू, औद्योगिक क्षेत्रहरू); (ख) पूर्वाधारहरू (जस्तै सडक,



*तस्बिर ४: सिङ्गे नदीमा अपुरो तथा जोखिमपूर्ण तटबन्ध*

५ हामीले यस नीति सन्देशमा समुदायहरूले परिकल्पना गरेको भविष्यको राजधानी सहरमा हुनुपर्ने भू-प्रयोगहरू, निर्माण गतिविधिहरू र विकास योजनाहरूलाई संक्षेपमा प्रस्तुत गरेका छौँ ताकि स्थानीय अधिकारीहरूले परिकल्पना गरिएका विकल्पहरूमा छलफल गर्न सकुन्। तर सबै ६ समूहरूले परिकल्पना गरेको भोलिको सहरहरूबारे विस्तृत रूपमा जान्नको लागि निम्न पुस्तक पढ्नुहोला - “Socialising Tomorrow’s Cities: Envisioning a City in Rapti/Deukhuri Valley, Nepal”

६ समुदायले र सहजकर्ता (अर्थात अनुसन्धानकर्ता) हरूको सहयोगले बनाएको सहरी योजनाको नक्सा। यस विधिमा समुदायले आवश्यक परेको खण्डमा मात्र सहजकर्ताको सहयोग लिन्छन् र सहजकर्ताहरूले आफ्नो प्राविधिक ज्ञानको प्रभाव समुदायको विचार तथा सहरी योजनाको परिकल्पनामा नपर्ने गरी समुदायहरूले चाहेको जस्तो नक्सा बनाउन सहयोग गर्छन्।

**कुनै विकास, क्रियाकलाप वा संरचनाहरूको निर्माणको लागि समुदायले बहु-विकल्प वा फरक ठाउँहरू प्रस्ताव भएको अवस्थामा प्रस्तावित क्षेत्रका जनप्रतिनिधि र सरोकारवालाबिच छलफल र समन्वय गरी आवश्यकता अनुसार संरचनाहरूको निर्माण गर्नुपर्छ ।**

बजार); (ग) सेवाहरू (जस्तै अस्पताल, विश्वविद्यालय) र (घ) प्रथा तथा संस्थाहरू (जस्तै परम्परा, संस्कृति, नीति-नियम) । गोष्ठीका ६ समुहरू मध्ये कम्तिमा तीन वा सबै समूहहरूले आफ्नो सहरी योजनामा कृषि क्षेत्र, औद्योगिक क्षेत्र, अस्पताल र मेडिकल कलेजहरू (वा सामुदायिक स्वास्थ्य केन्द्रहरू), विश्वविद्यालय, विद्यालय वा प्राविधिक विद्यालयहरू, विमानस्थल, पुलहरू (विशेष गरी खहरे खोलाहरूमा), सार्वजनिक पार्क, होमस्टे, उचित ढल निकासीसहित गुणस्तरीय सडक, बसपार्क, बजार केन्द्र, फोहोर व्यवस्थापन (फोहोर पुनःप्रयोग गर्ने व्यवस्थासहित), सार्वजनिक आवास, उद्धार केन्द्रहरू, सांस्कृतिक केन्द्रहरू वा संग्राहलयहरू, प्रशासनिक क्षेत्रहरू र प्रहरी वा सशस्त्र प्रहरी शिविरहरूको लागि छुट्टै क्षेत्रहरूको विकास हुनुपर्ने कुराहरूको परिकल्पना गरेका छन् । यसबाहेक, कम्तीमा गोष्ठीका २ समूहहरूले चिडियाखाना, रङ्गशाला, मन्दिर, साँस्कृतिक गाउँ, सार्वजनिक शौचालय र अटोगाउँ[७] पनि उनीहरूको सहरी योजनामा समावेश गरेका छन् ।

माथिका सहरी विशेषताहरू/आवश्यक्ताहरू (अर्थात् सहरी सम्पत्तिहरू) को भौतिक विकासका लागि स्थानहरूको पहिचान/छनौट (वा भू-प्रयोग) गर्दा समुदायबिच फरक हुनुमा सहभागीहरूले नक्साङ्कन गर्दा आफू बस्ने ठाउँ र वरपरका क्षेत्रको विकासमा जोड दिएको पाइन्छ । तर सबै समूहहरू उपत्यकामा एउटा विमानस्थल निर्माण गर्न, राप्ती नदीको तटलाई कृषि क्षेत्रको रूपमा विकास गर्न, वर्षाको समयमा समुदायहरूलाई असर गर्ने सबै खहरे खोलाहरूमा पुल निर्माण र राप्ती नदीको दुबै छेउको कम्तीमा ५० मिटर क्षेत्रलाई संरक्षण क्षेत्र वा हरित बेल्टको रूपमा विकास गर्न चाहन्छन् ।

यसका साथै स्वास्थ्य, शिक्षा, रोजगारी सबै समूहहरूका प्राथमिकतामा परेका विषयहरू हुन् । चार भन्दा बढी समूहहरूले गढवा गापा १ लाई औद्योगिक क्षेत्रको रूपमा विकास गर्न सुझाव दिए, तर दुई समूहहरूले यसलाई शितगंगा नपा ९ मा पनि विस्तार गर्न सुझाए । समुदायले उपत्यकाको आठ विभिन्न वडाहरूमा सुविधासम्पन्न अस्पताल र मेडिकल कलेजहरू निर्माण गर्ने ठाउँहरू[८] प्रस्ताव गरेका छन् (राप्ती गापा १, २ र ७; गढवा गापा १, २ र ३, र शितगंगा नपा ८ र ९) । साथै नगरपालिकाका अन्य सबै वडाहरूमा सामुदायिक स्वास्थ्य केन्द्र वा स-साना स्वास्थ्य क्लिनिकहरू हुनुपर्ने धारणा राखे । केवल तीन समूहले भविष्यका विद्यालयहरूको परिकल्पना गरेता पनि सबै सहभागीहरू तीनवटै नगरपालिकाहरूका लगभग सबै १४ वडाहरूमा विद्यालयहरू चाहन्छन् । साथै दुई समूहले गढवा गापा ३ को गोबरडिहालाई प्राविधिक विद्यालयका लागि विकास गर्न सुझाव दिए (प्रदेश सरकारले प्राविधिक विद्यालयलाई राप्ती गापाबाट गढवा गापा ३ मा स्थानान्तरण गरिसकेको र भौतिक रूपमा स्तरोन्नति र संस्थागत रूपमा सुदृढ गर्दैछ) । यसबाहेक, दुई समूहले चिडियाखानाको विकासको लागि गढवा गापा २ को कुलपानी निर्दिष्ट गरे ।




*चित्र ३: भविष्यको सहरी योजनामा हुनुपर्ने भौतिक संरचनाहरु*


सहभागीहरूले सुलभ सार्वजनिक/सामाजिक आवास निर्माणको लागि धेरै ठाउँहरू प्रस्ताव गरेका छन् । गरिब, सुकुम्वासी, कमैया/कमलरी र अनौपचारिक तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापनको लागि सहभागीहरूले कोहलवा (राप्ती गापा ८), गोबरडिहा नजिकैको धैरेनी (गढवा गापा ३) र शीतगंगा नपा ९ मा आवास निर्माण गर्न सुझाव दिए । उपत्यकामा हुने बाढी र डुबानको बढ्दो प्रभावलाई ध्यानमा राख्दै समूहहरूले पूर्वसूचना प्रणाली (Early Warning System) को विकास

---

[७] अटोगाँउ भन्नाले अटोमोबाइल तथा दुई पाङ्गे सवारी साधन जस्तै मोटरसाइकल, कार, ट्याक्टर, अटोरिक्सा, आदिको मर्मत, विक्री र बजार केन्द्रको लागि तोकिएको विशिष्ट स्थानलाई जनाउँछ ।

[८] कुनै विकास, क्रियाकलाप वा संरचनाहरूको निर्माणको लागि समुदायहरूबाट बहुविकल्पहरू प्रस्ताव भएको अवस्थामा प्रस्तावित क्षेत्रका जनप्रतिनिधि र सरोकार वालाबिच समन्वय गरी आवश्यकता अनुसार संरचनाहरूको निर्माण गर्नुपर्छ ।

गर्नुका साथै धेरै ठाउँमा उद्धार केन्द्रहरू मुख्यतया राप्ती गापा (वडा नं.२, ३, ५, ७ र ८) र गढवा गापा (१, २ र ३) मा बनाउन चाहन्छन् । बढ्दै गएको आगलागीको जोखिमसँगै सहभागीहरूले पर्याप्त मात्रमा दमकल, एम्बुलेन्स र अन्य सेवाहरू उपलब्ध गराई प्रभावकारी विपद् व्यवस्थापनका लागि व्यवस्था गर्न सुझाव दिए । मानिसको बसाईंसराइ तीव्र गतिमा बढिरहेको अवस्थामा सहभागीहरू भविष्यमा हुन सक्ने प्रदुषण र अव्यवस्थित निर्माणका बारेमा पनि सचेत थिए । यी कुरालाई ध्यानमा राख्दै उनीहरूले गढवा गापा र शितगंगा नपाको बाहिरी क्षेत्रको दक्षिणी किनारमा दुईवटा डम्पिङ साइटहरूसहित




*नक्सा ३ : पर्यटन विकासको लागि प्रस्तावित ठाउँहरू*

गढवा गापा २ र ३, राप्ती गापा ४ र शितगंगा नपा ९ मा फोहोर व्यवस्थापन केन्द्रहरू राख्ने सुझाव दिए । साथै सहभागीहरूले भविष्यको राजधानीको प्रशासनिक केन्द्र राप्ती गापा वडा नं.१ देखि ४ सम्मका क्षेत्रहरू जस्तै पाखापानी, मौरीघाट र बराखुट्टी समेट्ने गरी विकास गर्न सुझाव दिए ।

लगभग सबै विभाजित समूहहरूले आर्थिक समृद्धि र भोलिको राप्ती सहरमा गैर-कृषि पेसाको लागि पर्यटनको विकास एक उत्तम विकल्प हुने पूर्वानुमान गरेका छन् । यसका लागि उनीहरूले पहाड (कोट) र उपत्यका (बेँसी) का समथर भूभागका ठाउँहरू जस्तै राप्ती गापा २, ३, ५, ६ र ७ को कठाहा, खुरुरिया, बसन्तपुर, भुल्के, पत्थरगढवा र भानपुर, गढवा गापा १, २ र ३ को मलमला, बडहरा, पत्रिङ्गा, कोठारी, रतनपुर, खैरा र गोबरडिहा, र शितगंगा नपा ८ र ९ को अन्य पहाडी भागहरू जस्तै तल्लो लापे, आँपचौर, सिद्धारामा होमस्टेहरू सञ्चालन गर्न सुझाव दिए । राप्ती गापा ९ को पहाडी भागहरूमा पनि होमस्टे प्रवर्धन र पर्यटन विकासको लागि सिफारिस गरेका छन् । संस्कृति संरक्षण र पर्यटन प्रवर्धनको लागि थारु र मधेसी समुदायहरूले राप्ती गापा ६ मा "थारु सांस्कृतिक गाउँ" र गढवा गापा २ को पचाहाको जंगलको किनारमा "अवतग्राम" (यादव संग्रहालय) विकास गर्न सुझाव दिए । यसबाहेक उपत्यकाको दक्षिण पूर्वी भागमा सङ्ग्रहालयसहित गढवा गापा १ र २ को मलमला र बाघमरुवा, राप्ती गापा ४ र ७ को मझेनिगढ र जोरपानी र शितगंगा नपा ८ को तल्लो लापेमा स्थानीय इतिहाँसको प्रतिनिधित्व गर्ने गरी अन्य सङ्ग्रहालय र सांस्कृतिक केन्द्रहरू विकास गर्न पनि प्रस्ताव गरेका छन् ।

भू-उपयोग नक्सा (अर्थात सह-नक्सांङ्कन) मा परिकल्पना गरिएको प्रमुख भौतिक विकासको लागि राप्ती नदीको धेरै ठाउँमा पुलहरू र दुबै छेउमा सडक र उत्तरी पहाडी (चुरे) र उपत्यकाको पूर्व-पश्चिम राजमार्ग जोड्नको लागि सबै मौसममा चल्ने सडकहरूको निर्माण गर्नुपर्ने समुदायको बिचार छ । सबै सहभागीहरूले निर्माणाधीन र भविष्यमा निर्माण हुने वा प्रस्तावित सडक किनाराहरूमा बस्तीको विकास हुन सक्ने सोचले विद्यमान सडक र हुलाकी राजमार्गको गुणस्तर सुधार गर्न सुझाव दिए । विशेष गरी दुई समूहहरूले उपत्यकाका तीनै पालिकाहरूलाई जोड्न र पहाड र उपत्यकालाई विकास र राजधानीले दिने सेवाहरूलाई छिटो-छरितो बनाउन एउटा चक्रपथ निर्माण गर्नुपर्ने सुझाव दिए । यसका लागि भालुवाङ (राप्ती गापा १), महादेवा (गढवा गापा २) र चिसापानी (शीतगंगा नपा ८) मा कम्तीमा तीनवटा बसपार्कको निर्माण गर्न सुझाव दिइएका छन् । केही सहभागीहरूले चुरे पहाडको फेदमा, पूर्व-पश्चिम राजमार्गसँगै, पूर्वदेखि पश्चिम जोड्ने रेल सञ्जाल निर्माण गरी भालुबाङ (राप्ती गापा १) मा यसको स्टेसन राख्न सुझाव दिए । उनीहरूले देवीकोट (पहाड) र मौरीघाट (उपत्यका) लाई राजधानीको प्रशासनिक केन्द्रसँग जोड्ने केबुलकार निर्माण गर्न पनि सुझाव दिए ।

प्रदेश राजधानीको प्रशासनिक क्षेत्र भविष्यमा ठुलो बजार केन्द्रको रूपमा विकास हुने कुरामा सबै समूहहरू सहमत भएता पनि भोलिको राजधानी सहरमा नयाँ बजार केन्द्रहरूको लागि सम्भावित क्षेत्रको रूपमा सहभागीहरूमध्ये केहीले राप्ती गापा १, ३, ६, ८ को भालुवाङ, मसुरिया, सिङ्गे, पत्थरगढवा र पिपरी, गढवा गापा २ र ३ को पचाहा र गोबरडिहा र शितगंगा नपा ९ को रङसिङ, लामी दमार र सिद्धारालाई विकास गर्न सुझाव दिए। अर्को एउटा समूहले भालुवाङ (राप्ती गापा १) देखि सिसहनिया (राप्ती गापा ५) र गोबरडिहा (गढवा गापा ३) सम्मको भागलाई विस्तारित व्यापारिक केन्द्रको रूपमा विकास गर्नु पर्ने विचार ल्याए। साथै रङ्गशाला, मन्दिरहरू, र अटोगाउँको विकासका लागि धेरै स्थानहरू प्रस्ताव गरिएको थियो।

अन्त्यमा, विभाजित समूहहरूले जङ्गलको छेउमा जडीबुटी र फलफूल खेती र कृषि अनुसन्धान तथा विकास केन्द्रको स्थापना, राप्ती नदीमा र्‍याफ्टिङको व्यवस्था, खुला ठाउँहरूको पहिचान, गढवा गापा ३ र राप्ती गापा ४ मा बाल उद्यानको निर्माण, उपत्यकाको उत्तरी र पश्चिमी किनारहरूमा इको-फरेस्ट र इको-फरेस्टको नजिकै एउटा गिद्ध संरक्षण केन्द्रको स्थापना गर्न पनि सुझाव दिएका छन्। समुदायहरूले राप्ती उपत्यकाको भोलिको राजधानी सहरमा गढवा गापा ३ र शितगंगा नपा ८ मा आयुर्वेद अस्पताल, गढवा गापा २ मा डिप बोरिङ्ग (बोरवेलहरू), गढवा गापा २ मा बनभोज स्थल, राप्ती गापा ५ र ९ को पहाडी भागहरूमा रिसोर्टहरू, भूमिगत नहर प्रणाली र अपाङ्ग-मैत्री फुटपाथ र साइकल लेनको विकास भएको हेर्ने आकांक्षा राखे।

## भोलिको सहरको लागि अपेक्षित नीतिहरू

समुदायहरूले अपेक्षा गरेको नीतिहरूले भोलिको उत्थानशील सामाजिक तथा भौतिक सहरहरूको निर्माणमा प्रकोप जोखिमको व्यवस्थापन आवश्यक रहेको कुरा प्रष्टिन्छ। यद्यपि अधिकांश अपेक्षित नीतिहरू सरकारले कानुन वा नीतिको रूपमा व्यवस्था गरिसकेको वा विचाराधीन अवस्थामा रहेको पनि हुन सक्छन् तर समुदायहरूले नीति तथा योजनाहरू चार अर्थमा परिकल्पना गरेका थिए :- देउखुरी/राप्ती उपत्यकाको भविष्यको/बदलिँदो सामाजिक सन्दर्भहरू (जस्तै मिश्रित समाज, बढ्दो आन्तरिक बसाइँसराइ तथा अनौपचारिक बसोबासीहरू) लाई ध्यानमा राखेर कार्यान्वयन गर्न, तीनै तहका सरकारहरू (अर्थात स्थानीय, प्रादेशिक र संघीय) सँग समन्वय गरी नीतिहरूको निर्माण र कार्यान्वयन गर्न अधिकारीहरूलाई सचेत गराउन, भविष्यको स्थानीय योजना र विकासका गतिविधिहरू प्रकोपको जोखिमहरूलाई ख्याल गरी लागु गर्न, र समय (temporality), अत्यावश्यकता (urgency) र प्राथमिकता (priority) (जस्तै अल्प र दीर्घकालीन योजना र नीतिहरू) लाई विचार गरी नीतिहरू लागु गर्न।

समग्रता र प्राथमिकताको आधारमा समुदायहरूले अपेक्षा गरेका नीतिहरूलाई पाँच प्रकारमा विभाजन गर्न सकिन्छ। **पहिलो,** विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन नीति। देउखुरी/राप्ती उपत्यकामा विपद्को जोखिम वर्तमानमा व्याप्त रहेको र यसलाई बेवास्ता गर्दा भविष्यको लागि समेत चुनौतिपूर्ण हुने देखिएकोले समुदायहरूले स्थानीय जोखिमको सन्दर्भलाई प्राथमिकतामा राखेर विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन नीति अत्यावश्यक र पहिलो नीतिको रूपमा राखेका छन्। उनीहरूले यसको अत्यावश्यकतालाई विभिन्न तरिकाले बुझाउने प्रयास गरे। उदाहरणका लागि, सहभागीहरूका अनुसार सबै खहरे खोलाहरूमा तटबन्धहरू हुनुपर्छ, भूकम्प प्रतिरोधी निर्माण (जस्तै घर, सडक, पुल) लाई प्रवर्धन र पहिरो, डुबान र बाढीको जोखिम भएका क्षेत्रहरूमा अव्यवस्थित निर्माणका गतिविधिहरूलाई नियन्त्रण गर्ने नीति हुनुपर्छ। यसका साथै विद्यमान घर तथा पूर्वाधारलाई हानि पुर्‍याउन सक्ने नयाँ निर्माणलाई निरुत्साहित गरी घर/भवन निर्माण अनुमति लिने प्रक्रियालाई सहज र किफायती बनाउनुपर्छ जसले गर्दा घरपरिवारहरूलाई विपद्-प्रतिरोधी घर निर्माण गर्न उत्प्रेरणा मिल्नेछ।

**दोस्रो,** अनौपचारिक र सीमान्तकृत समुदायको व्यवस्थापनसँग सम्बन्धित नीति। समुदायहरूले भविष्यको राजधानी सहरमा अनौपचारिक र अव्यवस्थित रूपमा बसोबास गर्ने, सुकुम्बासी तथा भूमिहीन घरपरिवार, कमैया/कमलरीहरू र ऐलानी जग्गामा बसोबास गर्ने मानिसहरूलाई व्यवस्थापन गर्न साथै भूमिहिनहरूलाई जग्गा स्वामित्वको प्रमाणपत्र उपलब्ध गराउन र सहरीकरणको क्रममा गरिब तथा सीमान्तकृत बर्गहरूलाई विस्थापित नगरिकन नीति तथा कार्यक्रमहरू लागु गर्नुपर्ने सुझाव दिएका छन्। जात/जातीयताको आधारमा भन्दा पनि न्यून आय भएका घरपरिवारको पहिचान गरी उसको आर्थिक स्थितिलाई आधार मानी सुलभ आवास कार्यक्रम (जनता आवास) सम्बन्धी नीति बनाई लागु गर्नुपर्छ। साथै भेदभाव उन्मूलन गर्ने नीति, निःशुल्क शिक्षा र स्वास्थ्य सेवा र स्थानीय विकास गतिविधि र नीति निर्माण प्रक्रियाहरूमा

जातजाति र धर्मको आधारमा नभई सबै समुदायको सम्मानजनक र समान सहभागिताको सुनिश्चितता हुनुपर्ने समुदायको अपेक्षा रहेको छ । उनीहरूले स्थानीय सेवा र पुर्वाधारहरू अपाङ्गमैत्री हुनुपर्नेमा पनि जोड दिएका छन् ।

**तेस्रो,** कृषि क्षेत्रको संरक्षण र निरन्तरताका साथै स्थानीय उत्पादन र सिँचाई सुविधाहरूको प्रवर्धन गर्ने नीति । सहभागीहरूले भोलिको राप्ती सहरमा कृषि कार्यको लागि छुट्टै क्षेत्र हुनुपर्ने र स्थानीय उत्पादन तथा पारम्परिक ज्ञानहरूलाई प्रवर्धन गर्ने नीति लागु गर्नुपर्ने कुरा जनाए । राजधानी सहर निर्माणको क्रममा कृषियोग्य जमिनमा नोक्सान हुनु हुँदैन, सिँचाइ सुविधा (भूमिगत पानीको समेत व्यवस्थापन गरी) को व्यवस्था र पर्याप्त जैविक र रासायनिक मलमा सबै किसानहरूको पहुँच सुनिश्चित गरी आत्मनिर्भर भविष्यको राजधानी सहरको विकासमा सहयोग गर्ने नीति निर्माण गर्नुपर्ने कुरामा जोड दिए ।

**चौथो,** वन, पानी तथा स्थानीय पर्यावरण संरक्षणसँग सम्बन्धित नीति । जङ्गल र पानीको स्रोत पर्याप्त भएको यस उपत्यकालाई भविष्यका सहरवासीहरूका लागि संरक्षण नगरिएमा प्रकोपको जोखिम तीव्र रूपमा बढ्ने कुरामा सबै सहभागीहरू पूर्ण जानकार थिए । यस कुरालाई ध्यानमा राख्दै उनीहरूले चुरे भाबर क्षेत्र र त्यसको पारिस्थितिकी (ecology), देउखुरी उपत्यका भित्रको वन र पानी व्यवस्थापन र प्रशोधन गरी भविष्यमा सिँचाई र पिउने पानीको रूपमा प्रयोग गर्ने नीति तर्जुमा गर्न प्रस्ताव गरे । उनीहरूले भविष्यको सहरलाई हरित सहरको रूपमा विकास गर्न सुझाव दिनुका साथै विभिन्न स्थानहरूमा पर्याप्त खुला ठाउँहरू छुट्याउन प्रस्ताव गरेका छन् जसले गर्दा विपद्को समयमा आश्रय र उद्दार केन्द्रको रूपमा पनि प्रयोग गर्न सकियोस् । समुदायहरूको भनाइ अनुसार, संरक्षण भविष्यको हितको लागि मात्र नभई बहु-प्रकोपको जोखिम (multi–hazard risk) रोकथामको लागि समेत महत्त्वपूर्ण रहेको छ ।

**पाँचौ,** भविष्यको देउखुरी/राप्ती सहरमा आर्थिक समृद्धि र रोजगारी सृजना गर्ने नीति । कृषिको अलावा सहभागी समुदायहरूले स्थानीय रोजगारीका अवसरहरू सिर्जना गर्न पर्यटन र स्थानीय सिपमा आधारित व्यवसायहरूको प्रवर्धन गर्नुपर्ने अपेक्षा गरे । यसका साथै समतामूलक भोलिको राजधानी सहरको विकास गर्न उनीहरूले आर्थिक समृद्धिका लागि बनाइएका नीतिहरू समान रोजगार दिने खालको हुनुपर्ने, लैङ्गिक विविधतालाई ख्याल गर्नुपर्ने, महिलाका लागि समान ज्याला व्यवस्था गर्नुपर्ने तथा सीमान्तकृत समुदायहरूलाई केन्द्रमा राखेर नीति तथा कार्यक्रमहरू लागु गर्नुपर्ने कुराहरू सुझाव दिए ।

अन्त्यमा, माथि उल्लिखित अपेक्षित नीतिहरूका साथै, उनीहरूले फोहोरमैला व्यवस्थापन, लैङ्गिक र घरेलु हिँसा उन्मूलन, स्थानीय संस्कृति र ऐतिहाँसिक सम्पदाको संरक्षण, भू-उपयोग वर्गीकरण (जस्तै दर्ता नगरिएको जग्गा वा ऐलानी जग्गाको व्यवस्थापन तथा नक्साङ्कन) लागुऔषध दुर्व्यसन र भविष्यको सहरमा भ्रष्टाचार उन्मूलन गर्न प्रभावकारी नीतिहरूको आवश्यकता रहेको प्रस्ताव गरे ।

## भोलिको राजधानी सहरको समाजिकीकरणको लागि सुझावहरू

हालै घोषणा गरिएको लुम्बिनी प्रदेशको राजधानी सहर राप्ती/देउखुरी उपत्यका वरपरका पहाडी क्षेत्रका समुदायहरू र छिमेकी सहरहरूको आकर्षण बनेको छ । बदलिँदो भौगोलिक, जनसाङ्ख्यिक र सामाजिक परिवेशमा राजधानी सहर निर्माणका अधिकारीहरूले भविष्यको सहरी भू-प्रयोग र जोखिम व्यवस्थापनका योजनाहरू तर्जुमा गर्दा निकै सतर्क हुनुपर्ने देखिन्छ । माथि प्रस्तुत गरिएका परिकल्पित सहरहरूको विभिन्न विशेषताहरू (अर्थात सामाजिक-भौतिक सहरहरू र जोखिमहरू) को विश्लेषणमा आधारित निम्न सुझावहरू भोलिको उत्थानशील (प्रकोप तथा जोखिमको सामना गरी समृद्ध हुन सक्ने क्षमता) र समतमूलक (श्रोत तथा सेवाहरूमा सबैको समान पहुँच तथा अवसर) सहरको सामाजिकीकरण गर्ने माध्यम र साधन हुन सक्छ ।

**पहिलो,** समुदायहरूले संरचना तथा पुर्वाधारहरूका लागि प्रस्ताव गरेका स्थान/क्षेत्रहरू (उदाहरणका लागि राप्ती नदी तथा पूर्व-पश्चिम राजमार्गको दुवै छेउ, पर्यटन र आवासीय विकासका लागि प्रस्ताव गरिएका उत्तरी पहाडी क्षेत्रहरू लगायत माथि विश्लेषण गरेको जोखिमपूर्ण ठाउँहरू) वर्तमानमा डुबान, बाढी, पहिरो र आगलागीको जोखिममा छन् । यी जोखिमहरू र सम्भावित अन्य प्रकोपहरूको बारेमा हामीहरू अहिले/वर्तमानमा नै जानकार भइसकिएकोले प्रदेश तथा स्थानीय सरकार तथा सरोकारवालाहरूले सम्बन्धित क्षेत्रमा हुने बहु-प्रकोप जोखिमहरूबारे समुदायमा सचेतना बढाउनुपर्छ । यसका साथै नीतिहरू तर्जुमा गर्दा समुदायको ज्ञान र दृष्टिकोणलाई आत्मसाथ गर्दै स्थानीय जोखिम व्यवस्थापनमा उनीहरूको प्राथमिकताहरूलाई सम्बोधन गर्ने कुरा पनि उतिकै महत्त्वपूर्ण हुन्छ । यस्तो सह-सिकाइ (समुदाय, सरकार र

अनुसन्धानकर्ता बिचको सहकार्य र अन्तक्रियाहरूबाट ज्ञान तथा सिकाइमा परिवर्तन) र समावेशी दृष्टिकोणले विकासका नीति तथा कार्यक्रमहरू प्रति समुदायहरूले स्वामित्व लिने मात्र नभई भविष्यमा यस उपत्यकालाई उत्थानशील सहरका रूपमा निर्माण गर्न आवश्यक नीतिहरूको कार्यान्वयन गर्न समेत मद्दत पुऱ्याउँछ । यसका साथै, उपत्यकाको धेरै ठाउँ उत्पादनशील कृषि भूमिले ओगटेको, मानव बस्तीहरू बाक्लो भएको, बजार केन्द्र र प्रशासनिक केन्द्रहरू बढ्दै गरेको अवस्थामा द्रुत तथा अव्यवस्थित गतिमा भईरहेको भू-प्रयोगमा परिवर्तन र निर्माण गतिविधिहरूले यस क्षेत्रलाई झन जोखिममा पार्दैछ । त्यसैले स्थानीय जोखिम (वर्तमान र भविष्यको) सम्बन्धि सचेतना र व्यवस्थापनका नीति र रणनीतिहरू राजधानी सहरमा हुने कुनै पनि राजनीतिक, विकास निर्माण र सामाजिक गतिविधिहरूको अभिन्न अङ्ग हुनुपर्दछ ।

**दोस्रो,** भोलिको राजधानी सहरले भौतिक निर्माण (जस्तै अग्लो भवन, फराकिलो सडक) मात्र निर्माण गर्ने नभई विद्यमान संस्कृतिको असल अभ्यासहरूको निरन्तरता र संरक्षण गर्नुको साथै भेदभाव, हिँसा (लिङ्ग, समावेशीता, जात/जातीयतासँग सम्बन्धित) लगायत अन्य विद्यमान सामाजिक-आर्थिक असमानताहरूको अन्त्य गर्ने समेत समेट्ने छ । साथै भविष्यमा बसाइँसराइको गति निस्सन्देह बढ्ने छ । तसर्थ बदलिँदो जनसाङ्ख्यिक, सांस्कृतिक र सामाजिक गतिशीलताप्रति स्थानीय निकाय, नेता तथा समाजसेवीहरू अहिले देखिनै सचेत हुनुपर्छ । जीवन्त सहरको विकासका लागि सांस्कृतिक विविधताको कदर र सामाजिक पुँजीहरू (स्थानीय ज्ञान, सिप, उत्पादन तथा परम्पराहरू) को प्रवर्धन महत्त्वपूर्ण हुन्छ । निर्णय प्रक्रियामा शक्तिको असन्तुलन र माथिल्लो निकायबाट (top–down) योजना तर्जुमा गर्ने परिपाटी भइरहे गरिब र पिछडिएकाहरूको स्रोतमा पहुँच कम भई निरन्तर सीमान्तकृत भइरहन्छन् । यस्तो परिपाटी र दृष्टिकोणहरूलाई चुनौती दिन पनि उत्तिकै आवश्यक छ । तसर्थ सम्भावित भविष्यका सामाजिक-सांस्कृतिक विवादहरू कम गर्न, रोजगारीका अवसरहरू, तालिमहरू, निर्णय लिने र नेतृत्व गर्ने जस्ता विभिन्न सामाजिक-आर्थिक र राजनीतिक फोरम तथा क्रियाकलापहरूलाई समावेशी बनाई समुदायलाई प्रोत्साहन गर्ने नीतिहरू लिनुपर्छ । यसले समतामूलक भोलिको सहरी योजना कार्यान्वन गर्न सहज हुन्छ । यसरी समष्टिगत दृष्टिकोण (holistic approach) अपनाई विद्यमान सामाजिक आर्थिक असमानताहरूलाई सम्बोधन गर्नाले अवसर तथा श्रोतहरूमा समान पहुँचको अवस्था सिर्जना हुने, सद्भाव कायम रहने र बढ्दो विविधतापूर्ण समुदाय (heterogeneous community) मा हुने जोखिमहरू समेत निवारण गर्न सहज हुन्छ ।

**अन्त्यमा,** स्थानीय समुदायको दिगो जीविकोपार्जनलाई प्रवर्धन गर्न पर्यटन विकास सँगसँगै परम्परागत, साना तथा स्थानीय उत्पादन तथा व्यवसायहरूको पहिचान, संवर्धन, प्रवर्धन र व्यापारीकरण अत्यावश्यक छ । यसो गर्नाले नयाँ कलकारखाना र उद्योगहरूको स्थापनासँगै स्थानीय सिपहरूलाई बढावा दिने मात्र नभई बेरोजगारी समस्यालाई समेत प्रभावकारी रूपमा सम्बोधन गर्न र युवाहरूको विदेश पलायन हुने क्रमलाई पनि कम गर्ने छ । स्थानीय व्यवसायहरूलाई सहरी योजनामा समाहित गर्ने नीतिले समुदायभित्र सामाजिक-आर्थिक गतिविधिहरू बढाउँछ जसले समाजमा भाइचारामा वृद्धि गराउनुको साथै भविष्यमा हुने प्रकोपहरूको जोखिमलाई सामना गर्न र आर्थिक आत्मनिर्भरतामा वृद्धि भई उत्थानशील हुन मद्दत गर्दछ । तसर्थ स्थानीय निकाय तथा सरोकालवालाहरूले भोलिको राजधानी सहरमा आर्थिक समृद्धि तथा विपद् जोखिम न्यूनीकरणको लागि अहिलेदेखि नै सचेत हुन जरुरी छ ।

## आभार

"भोलिका सहरहरू" नामक अनुसन्धानमूलक परियोजनामा सहभागि भई सहयोग गर्नुहुने देउखुरीवासी तथा सहजकर्ताद्वय श्री आशाराम चौधरी (गढवा गापा ३) र श्री रमेश पन्थी (राप्ती गापा ५) लाई धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

प्रदेश पूर्वाधार विकास प्राधिकरण
राप्ती उपत्यका, दाङ,
लुम्बिनी प्रदेश, नेपाल

शितगंगा नगरपालिका
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

राप्ती गाउँपालिका
मसुरिया, देउखुरी दाङ,
लुम्बिनी प्रदेश, नेपाल

गढवा गाउँपालिका
गढवा, देउखुरी दाङ
लुम्बिनी प्रदेश, नेपाल

SIAS SOUTHASIA INSTITUTE OF ADVANCED STUDIES

NK Singh Marga-306, Kathmandu, Nepal
Email: sias-info@sias-southasia.org
Phone: +977-1-4569801, 4569938
Website: www.sias-southasia.org

Tomorrow's CITIES Urban Risk in Transition

GCRF

UK Research and Innovation